कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान


yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: ३०६ | वि.सं. २०८१ फागुन १५ बिहिवार | नेपाल संवत: ११४४, फागुन कृष्ण चतुर्दशी | Thursday 27 February 2025 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

## क्षयरोगका बिरामी पत्ता लगाउन 'स्क्रिनिङ' गरिँदै



**युग संवाददाता**

**जुम्ला, १४ फागुन ।**

जिल्लाको जुम्लाकोटमा क्षयरोगका नयाँ बिरामी पत्ता लगाउन तिला गाउँपालिकाले 'स्क्रिनिङ' सुरु गरेको छ। स्वास्थ्य शाखाले पालिकाको जुम्लाकोट स्वास्थ्य चौकीमा क्षयरोगका नयाँ बिरामी पत्ता लगाउन निःशुल्क 'स्क्रिनिङ' शिविर सञ्चालन गरेको हो।

विशेषज्ञ स्वास्थ्यकर्मीसहितको टोली मङ्गलबार तिलाका ग्रामीण स्वास्थ्य चौकीमा पुगेर 'माइक्रोस्कोपी स्क्रिनिङ' शिविरमार्फत नयाँ बिरामी तथा पुरानाको अवस्था पत्ता लगाउन खोजपड्ताल अभियान सञ्चालन गरिएको गाउँपालिका स्वास्थ्य शाखाका टिबीरोग सम्पर्कव्यक्ति उत्तम देवकोटाले जानकारी दिए। उनका अनुसार करिब एक सय आठ जनाको स्वास्थ्य जाँच गरिएको छ।

देवकोटाले भने, "रिपोर्ट आउन दुई दिन लाग्ने छ। जनस्वास्थ्य सेवा कार्यालयबाट टिबीरोग हेर्ने स्वास्थ्यकर्मीसहितको टोलीले यहाँका सम्भावित क्षयरोगका बिरामीको स्वास्थ्य जाँच गरेको हो।' गाउँपालिकाका स्वास्थ्यकर्मी गाउँमा पुगेर बिरामी पहिचानसहित स्वास्थ्योपचार सेवा र आवश्यक सल्लाह दिन क्षयरोगसम्बन्धी निःशुल्क शिविर सञ्चालन गरिएको उनको भनाइ छ। पालिकाभित्र अहिलेसम्म नौ जना नयाँ क्षयरोगका बिरामी फेला परेपछि सबैलाई स्वास्थ्यकर्मीको निगरानीमा औषधि सेवन गराइएको देवकोटाले बताए। क्षयरोग मुक्त पालिका बनाउने उद्देश्यले प्रत्येक वर्ष गाउँमा स्वास्थ्य शिविर सञ्चालन गरी स्थानीयको स्वास्थ्य परीक्षण गरिँदै आइएको उनले बताए।

# आयोजना प्रस्ताव तथा छनौटमा हुने बेथिति रोक्न कर्णाली सरकारले बनायो कार्यविधि

- आयोजना छनौट गर्न छुट्टै समिति
- ३० लाखभन्दा तलका योजना प्रदेशले कार्यान्वयन नगर्ने

**ओम शाही**

**सुर्खेत, १४ फागुन ।**

कर्णाली प्रदेश सरकारले आफ्नो वार्षिक नीति, कार्यक्रम तथा बजेटमा समावेश हुने आयोजना प्रस्ताव तथा छनौटमा भइरकेको बेथिति रोक्न कार्यविधि निर्माण गरेको छ। प्रदेश सरकार स्थापनादेखि नै कर्णालीमा अयोजना प्रस्तावदेखि छनौटमा स्वार्थ समूह हावी हुँदा जनताका अपेक्षा पुरा हुन नसेकको ठहर गर्दै यसलाई रोक्न कार्यविधि निर्माण गरिएको सरकारको दावी छ। प्रदेश सरकारले आमनागरिकका दैनिकीसँग नभई विचौलियाको योजना मुताविक आएका आयोजनाका आधारमा बजेट निर्माण गर्ने गरेको आरोप प्रदेश सरकारले झेल्दै आएको छ। पहुँचमा हुनेकोहरुको गोजीबाट आयोजना छनौट




गरिदा कर्णालीको बजेट कनिका जसरी छरिएको सरकार स्वयमले स्वीकार गर्दै आएको छ। उक्त आरोपलाई चिर्न कर्णाली प्रदेश योजना आयोगले आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ निर्माण गरेको हो। आयोगले निर्माण गरेको उक्त कार्यविधि मंगलबार बसेको कर्णाली प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले स्वीकृतसमेत गरिसकेको छ। कार्यविधीमाथि कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री, मन्त्रीहरु, प्रदेशसभामा भएका समितिका सभापतिहरु,

बाँकी ३ पेजमा

### कार्यविधिले कसरी गर्छ काम ?

प्रदेशको आर्थिक, सामाजिक विकासमा कुनै विषय क्षेत्रमा निश्चित लागत तथा समयावधिभित्र खास उद्देश्य र लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने विकास निर्माणसँग सम्बन्धित आयोजनालाई प्रदेश सरकारले आयोजनाका रुपमा परिभाषित गरेको छ। कार्यविधि निर्माण भएसँगै अबदेखि प्रदेश

बाँकी ३ पेजमा

### तीस लाखभन्दा तलका योजना प्रदेशले कार्यान्वयन नगर्ने

प्रदेश सरकारले निर्माण गरेको आयोजना प्रस्ताव तथा छनौट कार्यविधि अनुसार अबदेखि विशेष अवस्था बाहेक ३० लाखमुनिका योजना प्रदेशबाट कार्यान्वयन हुने छैनन्। सडक र भवन पूर्वाधार तर्फका आयोजनाका हकमा तीस लाख र सो बाहेक अन्य आयोजनाको हकमा पन्ध्र लाखभन्दा कम लागत रकम भएका आयोजना प्रदेश सरकारबाट कार्यान्वयन नहुँने गरी आयोजनाको लागत रकमको सिमा निर्धाण गरिएको छ। प्रदेशले तोकेको लागत रकमको सीमाभन्दा कमको आयोजनाको हकमा प्रदेश सरकारले सम्बन्धित स्थानीयतहबाट कार्यान्वयन हुने गरी आवश्यक प्रबन्ध मिलाउने व्यवस्था गरिएको छ।

## बोटिङ र र्‍याफ्टिङका लागि सम्भाव्यता अध्ययन गरिँदै

**युग संवाददाता**

**नेपालगञ्ज, १४ फागुन ।**

पर्यटन प्रवर्द्धनका लागि बाँके राष्ट्रिय निकुञ्ज नजिकको अगैया क्षेत्रमा रहेको राप्ती नदीमा बोटिङ र र्‍याफ्टिङका लागि सम्भाव्यता अध्ययन हुने भएको छ। 'कुसुमबाट अगैया र अगैयाबाट मधुईसम्म मात्रै बोटिङ गर्न खोजिरहेका छौँ। तर अहिले पानी कम भएको पायौँ। पानीको सतह बढेपछि सुरु हुन्छ,' राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत वीरेन्द्र कँडेलले भने। उनले रोजगारीका अवसर सिर्जना गर्ने उद्देश्यले स्थानीयलाई विभिन्न सीपमूलक तालिम सञ्चालन गरिएको बताउँदै यसका लागि निजी क्षेत्रको लगानी आवश्यक पर्ने बताए।

उनका अनुसार निकुञ्जको ओभरी नजिकका क्षेत्रमा हात्ती सफारी, जङ्गल सफारी र पैदलयात्राका प्याकेजसहित निजी क्षेत्रले नयाँ योजनाका खाका ल्याउँदा पर्यटन प्रवर्द्धनमा सघाउ पुग्ने छ। गिद्देनीचौरमा मचान निर्माण गरी जङ्गल क्षेत्रको दृश्यावलोकन, पैदलयात्रा, जङ्गल सफारीकोसमेत

बाँकी ४ पेजमा

## तिलामा मदिरा बिक्री तथा सेवन गर्नेलाई कारबाही

**युग संवाददाता**

**जुम्ला, १४ फागुन ।**

जुम्लाको तिला गाउँपालिका-५ ले वडामा मदिरा बिक्रीवितरण गर्ने तथा सेवन गर्नेलाई कारबाही गर्ने भएको छ। वडाभरिमा मदिरा बिक्रीवितरण बद्दै गएको जनगुनासो आएपछि मङ्गलबार बसेको वडाका जनप्रतिनिधि, राजनीतिक दलका नेता, समाजसेवी, स्थानीयवासीको संयुक्त बैठकले बिक्रीवितरण तथा सेवनमा रोक लगाएको हो।

वडाभरिमा मदिरा बिक्रीवितरण गर्ने र खानेलाई कानुनअनुसार जारिवाना तिराउने निर्णय गरिएको वडाध्यक्ष ललित शाहीले भने, 'वडाको निर्णय अटेर गर्नेलाई कानुनबमोजिम सजाय हुनेछ।' वडामा मदिराका कारण विभिन्न

बाँकी ३ पेजमा


### श्री प्रफेक्ट मन्टेश्वरी प्री-स्कुल

**वीरेन्द्रनगर-०४, सुर्खेत**

**कर्मचारी आवश्यकता सम्बन्धीको सूचना**

प्रस्तुत बिषयमा यस श्री प्रफेक्ट मन्टेश्वरी प्री-स्कुल वीरेन्द्रनगर-४, भैरवस्थान सुर्खेतको केहि रिक्त कोटामा तपशिल बमोजिमको कर्मचारी आवश्यकता भएकाले उक्त कोटा पदपुर्ति गर्नका लागी तपशिल बमोजिम शैक्षिक योग्यता पुगेका नेपाली नागरिकले दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

**विज्ञापन नं :** ०१

| क.स | पद | पद संख्या |
|---|---|---|
| १ | प्रबन्ध निर्देशक | १ जना |

**आकश्यक कागजात तथा योग्यताहरु**

- न्युनतम शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक पास गरेको वा सो सरह योग्यता पुगेको।
- शिक्षण पेशा सम्बन्धी र सामान्यतया लेखा व्यवस्थापन सम्बन्धी ज्ञान भएको।
- उमेर : १८ वर्ष पुरा भई ५० वर्ष ननाघेका

**तलब स्केल :** बिध्यालयको नियमानुसार

**दरखास्त दिने अन्तिम मिति :** सुचना प्रकाशित भएको मिति देखि ७ दिन सम्म हुनेछ।

**थप जानकारीको लागी :** ९८५८०३०२१७ /९८५८०७०२९८/ ९८६८२९८६८२ /९८६३१५७३८१

*नोट : (प्रबन्धक निर्देशक पदका लागि मोटरसाईकल र कम्प्यूटर चलाउन सक्ने पुरुषलाई प्राथमीकता दिईने छ।)*

**अध्यक्ष**

**सुमन नाथ योगी**







## सम्पादकीय....

# बुलबुलेको अस्तित्व संकटमा नपरोस् !

सुर्खेतको प्रमुख पर्यटकीय क्षेत्र बुलबुले तालको गुरुयोजना कार्यान्वयन अन्तर्गत दोस्रो चरणका कामहरु अघि बढेका छन् । सुर्खेत नगर विकास समितिले आर्थिक वर्ष २०७४/०७५ बाट प्राथमिकताका साथ अघि बढाएको व्यवस्थित बुलबुले तालको योजनाअन्तर्गत दोस्रो चरणका संरचनाहरू निर्माण थालिएको हो । नगर विकास समितिले आर्थिक वर्ष २०७४/०७५ मा २० वर्षे बुलबुले उद्यान गुरुयोजना तयार पारेको थियो । बुलबुलेमा पूर्वाधार निर्माणलाई समेटेर विभिन्न २२ वटा योजना समेटिएको गुरुयोजना बने पनि अझै अधिकांश योजना पूरा हुन सकेका छैनन् । बुलबुले ताल भन्ने वित्तिकै अधिकांश मानिसको मानसपटलमा सुर्खेत जल्लाको नाम आउछ । यो एउटा ताल मात्रै होइन । यसले सुर्खेत जिल्लालाई राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा चिनाएको छ । सुर्खेत आएको समयमा बुलबुले ताल नपुग्ने सायदै कमै भेटिन्छन् । आन्तरिक तथा बाह्य पर्यटकको रोजाईमा पर्ने बुलबुलेले आम मानिसको मन मात्रै जितेको छैन, यसबाट वर्षेनी राज्यलाई मनग्य आम्दानीसमेत भइरहेको छ । समुद्री सतहबाट झण्डै ६ सय ५७ मिटरको उचाईमा अवस्थित बुलबुले तालमा मोटरबोट सञ्चालनमा आएपछि झनै पर्यटकको रोजाई बन्दै गएको छ । सुर्खेतको प्रमुख पर्यटकीयस्थल भित्र पर्ने बुलबुलेलाई ११ हजार वर्गमिटर क्षेत्रफलबाट बढाएर २८ हजार पाँच सय वर्गमिटर क्षेत्रफलमा विस्तार गरिएको छ । साढे ३१ बिघा क्षेत्रफलमा फैलिएको बुलबुले कर्णाली प्रदेशकै प्रमुख पर्यटकीय गन्तव्य हो । दैनिक पाँच सयभन्दा बढी पर्यटकले बुलबुलेको अवलोकन गर्ने गरेको बताईन्छ । २०२९ सालदेखि सरकारी तवरबाट संरक्षण हुन थालेको बुलबुलेमा वनभोजस्थलदेखि घुमघाम गर्न जानेहरूको घुइँचो हुने गर्दछ ।

विशेष गरी बिदाको दिन पाँच हजारभन्दा बढी व्यक्तिले बुलबुलेको अवलोकन गर्ने गरेको बताइन्छ । अन्य समय नगरपालिकालाई दैनिक टिकट बिक्रीबाट १५ देखि २० हजारसम्म आम्दानी हुँदा शनिबार लगायत बिदाको दिनमा एक लाख बढी आम्दानी हुने गरेको तथ्यांक छ । यो आफैमा सकारात्मक पक्षभएपनि गुरुयोजना अनुरुप बुलबुलेलाई अझै व्यवस्थित बनाउँन सकिएको छैन । बुलबुले घुम्न आएका आन्तरिक पर्यटकहरुले अझै उद्यान क्षेत्र व्यवस्थित गर्न आवश्यक रहेको औंल्याउने गरेका छन् । सार्वजनिक शौचालय, खानेपानी तथा रातको समयमा पनि घुम्न मिल्ने गरी संरचना तयार भएका छैनन् । बुलबुले क्षेत्रको फोहोरमैला व्यवस्थापन तथा सरसफाईको पाटो पनि भद्रगोल अवस्थामा छ । उद्यान तथा ताल क्षेत्रको सुन्दरता बढाउन राखिएका बत्ति तथा संरचनाहरु संरक्षणको अभावमा भत्किएका र बिग्रेका अवस्थामा छन् । जथाभावी फोहोर फाल्ने, फुल चुड्ने, जथाभावी बगैचामा प्रवेश गर्ने लगायतका अवाञ्छित गतिविधिले उद्यान क्षेत्र अस्तव्यस्त जस्तै बन्ने गरेको छ । अनुमति बिनै प्रवेश गर्नेहरुले बुलबुलेको सोभा थप बिगारिरहेका छन् । पछिल्लो समय बुलबुलेमाथी विभिन्न प्राकृतिक संकटहरु पनि थपिँदै गएका छन् ।

ताल वरपर विकास भएका अव्यवस्थित वस्तीका कारण तालको अस्तित्व मेटिने जोखिम उत्तिकै छ । पछिल्ला केही वर्षयता बुलबुलेमा निरन्तर पानीको स्रोतहरु घट्दै जान थालेका छन् । यसको मुख्य कारण जलवायु परिवर्तनको असर तथा यस आसपासका क्षेत्रमा भूमिगत पानीको चरम दोहोन हो । पानी रिचार्ज हुने उत्तरी क्षेत्रमा क्रङकिटले भरिदा बुलबुलेमा जलपुनरभरणको बाटो छेकिने अवस्थामा पुगेको छ । यसतर्फ नियामक निकाय वीरेन्द्रनगर नगरपालिकाले ध्यान पुऱ्याउनै सकेको छैन । कतिपय अवस्थामा ताल क्षेत्र वरपर विकास निर्माणका गतिविधिहरु वातावरण अनुकुल नुहुँनु तथा मानविय हस्तक्षेपले विगत भविष्यमा तालको अतित्व नै संकटमा पर्ने निश्चित छ । राज्यका हरेक निकायले अपनाउने विकास नीति हरितमैत्री भएमात्रै प्राकृतिक स्रोतहरुलाई बचाउन सकिन्छ । मानिसको मनोरञ्जनसँगै वावावरणमैत्री विकास नीति अवलम्बन गर्न सकिए मात्रै बुलबुले तालको दीगो व्यवस्थापनसँगै संरक्षण हुन्छ भन्ने तथ्य बिर्सनु हुँदैन । वीरेन्द्रनगर नगरपालिकाले राजश्व संकलन गर्ने थलोका रुपमा मात्र नभई बुलबुलेलाई गुरुयोजना मुताविक दीगो हरितमैत्री क्षेत्र निर्माण गर्नुपर्दछ । यसतर्फ वीरेन्द्रनगरले बेलैमा ध्यान पुऱ्याओस् ।

## विश्व

# अमेरिकाले 'गोल्ड कार्ड' भिसा ५० लाख डलरमा बेच्ने ट्रम्पको घोषणा

**वासिङ्टन, १४ फागुन ।**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नयाँ 'गोल्ड कार्ड' आवासीय अनुमति ५० लाख अमेरिकी डलरमा बिक्री गर्ने योजना सार्वजनिक गरेका छन् । परम्परागत ग्रिनकार्डको उच्च मूल्यको संस्करण नयाँ भिसाको बिक्रीले रोजगारी सिर्जना गर्ने र अमेरिकी राष्ट्रिय घाटा कम गर्न प्रयोग गर्न सकिने ट्रम्पको भनाइ छ ।

'हामी गोल्ड कार्ड भिसा बेच्ने तयारी गरिरहेका छौं । हामी त्यो कार्डको मूल्य करिब ५० लाख अमेरिकी डलर मूल्य राख्ने तयारी गरिरहेका छौं,' ट्रम्पले ओभल अफिसमा पत्रकारहरुसँग भने । आफ्नो दोस्रो कार्यकालको पहिलो प्राथमिकताअनुसार लाखौं गैरकानुनी आप्रवासीलाई देश निकाला गरेका रिपब्लिकन राष्ट्रपति ट्रम्पले नयाँ कार्ड अत्यधिक मूल्यवान् अमेरिकी नागरिकताको मार्ग हुने बताएका छन् ।

ट्रम्पले भने, 'धेरै मानिसहरू यो देशमा बस्न चाहन्छन्, र उनीहरूले काम गर्न, रोजगारी प्रदान गर्न र कम्पनीहरू निर्माण गर्न सक्षम हुनेछन् र यसरी आउने पैसा भएका मानिसहरू हुनेछन् ।' करिब दुई हप्ताभित्र कार्डको बिक्री सुरु हुने ट्रम्पले बताए ।

'हामी यी कार्डहरू मध्ये १० लाख बिक्री गर्न सक्षम हुनेछौं । हामीले यो सबै काम अमेरिकी कानुन अनुरूप नै गरेका छौं,' ट्रम्पले भने । उनले नयाँ गोल्ड कार्डको लागि सबै आवेदकहरूलाई सावधानीपूर्वक जाँच गरिने बताए । तर धनी रुसीहरुले पनि आवेदन दिन पाउँछन् कि पाउँदैनन् भन्ने प्रश्नमा ट्रम्पले यो सम्भावना रहेको बताए ।

'सम्भवतः । म केही रूसी कुलीन वर्गहरूलाई चिन्दछु जुन धेरै राम्रो मानिसहरू हुन् । यो सम्भव छ,' ट्रम्पले भने, 'उनीहरू पहिलेजस्तो धनी छैनन् । मलाई लाग्छ कि उनीहरूले गर्न सक्छन् । मलाई लाग्छ उनीहरूले ५० लाख डलर खर्च गर्न सक्छन् ।'

तीन वर्षअघि मस्कोले युक्रेनमाथि आक्रमण गरेयता थुप्रै रुसी कुलीन वर्ग पश्चिमी प्रतिबन्धको चपेटामा परेका छन् । अमेरिकी राष्ट्रपति ट्रम्पले पत्रकारहरूसँग कुरा गर्दै रुसमाथिको प्रतिबन्ध फुकुवा गर्न कुनै न कुनै समयमा सम्भव भए पनि अहिले वार्ताको टेबलमा नरहेको बताए ।


ओभल अफिसमा ट्रम्पको छेउमा उभिएका अमेरिकी वाणिज्य मन्त्री हावर्ड लुटनिकले गोल्ड कार्डको बारेमा भने, 'हामी त्यो पैसा हाम्रो घाटा कम गर्न प्रयोग गर्न सक्छौं ।' लामो व्यावसायिक करियरमा होटल र क्यासिनोको शृ‌ृ लाबद्ध ब्रान्डिङ गरेका ट्रम्पले नयाँ कार्डको नाम पनि आफ्नो नाममा राख्न सकिने सुझाव दिएका छन् ।

# मोटोपन र मुटुरोगको अन्तर्सम्बन्ध



✍ **डा अवनिभूषण उपाध्याय**





केही वर्षअघिसम्म मोटो व्यक्तिलाई स्वस्थ एवं खाइलाग्दो व्यक्तिको रूपमा हेरिन्थ्यो भने दुब्लो, पातलोलाई रोगीको रूपमा हेर्ने गरिन्थ्यो । तर विस्तारै यस्तो सामाजिक सोचमा परिवर्तन आएको छ । अहिले अधिकांश मानिस आफूलाई स्वस्थ राख्न मोटो हुनबाट निकै सचेत रहेको पाइन्छ । मोटोपनबाट हुनसक्ने स्वास्थ्य जोखिमका बारेमा जानकारी राख्नेहरूको सङ्ख्या बढ्दैछ । मोटोपनलाई रोगको घरको रूपमा लिन थालिएको छ ।

यद्यपि, कतिपय मानिसहरू चाहेर वा नचाहेर पनि मोटोपनको सिकार बनेका छन् । मोटोपन भएकालाई जुन कारण र जति धेरै स्वास्थ्य जोखिम छ दुब्लो पातलोलाई त्यस्तो हुन्न । दुब्लो भएर पनि धुमपान गर्ने, चिनीयुक्त खानेकुरा खाने, सन्तुलित भोजन नगर्ने, तनावग्रस्त रहने व्यक्तिलाई मुटुरोगको उच्च जोखिम हुने गर्दछ ।

मोटोपन यस्तो अवस्था हो, जसले गर्दा शरीरमा धेरै किसिमका रोग उत्पन्न भई मानिसको मृत्युसम्म हुने गर्दछ । त्यसमध्ये मटुरोग पनि एउटा हो । मुटुरोगमा हृदयघात, हार्ट फेलियर, अपर्झट मृत्यु हुने, एन्जाइना, मुटुको चालको गडबडी आदि समस्या हुने पर्दछ । शरीरको तौल अर्थात् बीएमआई २५ भन्दा बढी भएकाहरूमा मोटोपनको समस्या ज्यादा हुने गर्दछ । शरीरको वजन ठिक्क भएका भन्दा वजन बढी भएका मानिसमा उच्च रक्तचाप दोब्बर हुने गर्दछ । मोटोपनले नराम्रो करोस्टरोल बढाउने मात्र होइन, राम्रो कलेस्टेरोललाई पनि घटाउँछ । शरीरमा कोलेस्ट्रोल मात्रा बढ्न गएमा रगतको नसामा जम्मा हुन्छ र नसा साँघुरो बनाइदिन्छ । यसले मुटुलाई पम्प गर्न गाह्रो हुन्छ । त्यसैले मोटोपन र मुटुरोगबीच सिधा सम्बन्ध रहेको छ ।

मोटोपनलाई विश्वमा दीर्घरोगको रूपमा हेर्न थालिएको छ । हाल युरोप, अमेरिकामा स्वास्थ्यका समस्याहरूमध्ये मुख्य समस्याको रूपमा मोटोपनलाई मानिएको छ । मानिसमा चेतना बढ्दै गए पनि जीवनशैली बिग्रिँदै गएका कारण ती देशहरूमा पनि यो समस्या धेरै मानिसलाई देखिएको छ । असन्तुलित खानपान, अत्यधिक खानपान, अनियन्त्रित खानपान नै मोटोपनको एउटा मूल कारण हो । त्यसमध्ये पनि कतिपयमा वंशाणुगत कारण वा कुनै रोगको कारण पनि मोटोपन हुने गर्दछ । विश्वमा सामान्यतया १५ प्रतिशत महिलामा मोटोपन देखिएको छभने ११ प्रतिशत पुरुषमा मोटोपन छ । तीन जनामा एक जना पुरूषमा मोटोपनको समस्या छभने महिलामा चार जनामा एक जनामा वजन ज्यादा देखिएको छ ।

नेपालमा पनि मोटोपन एक स्वास्थ्य समस्याको रूपमा देखिएको छ । सन् २०१३ मा नेपालको कुल जनसङ्ख्याको २१ प्रतिशतमा मोटोपन पाइएको थियो भने सन् २०१९ मा २९ प्रतिशतमा यो समस्या पाइएको थियो । तैपनि नेपाल मोटोपन कम नै भएको देशको सूचीमा पर्दछ । विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)ले गरेको अध्ययनअनुसार नेपालमा ३५ प्रतिशत महिला, छ प्रतिशत किशोरकिशोरी र तीन प्रतिशत पाँच वर्षमुनिका बालबालिकामा मोटोपन पाइन्छ । अरु प्रदेशमा भन्दा बागमती प्रदेशमा मोटोपनको समस्या धेरै भएको सो अध्ययनले देखाएको छ ।

**मोटो व्यक्तिमा जोखिम कस्तो छ त ?**

वार्षिक रूपमा विश्वमा समयअगावै अर्थात् औसत उमेरभन्दा कम उमेरमा हुने मृत्युको सङ्या करिब तीन लाख रहेको छ । विश्वमा मोटोपनको समस्याले वार्षिक तीन लाख मानिसको मृत्यु भइरहेको छ । मृत्युको कारणमध्ये मोटोपनलाई प्रमुख जोखिम तत्व मानिन्छ । डब्लुएचओले गरेको अध्ययनमा उच्च रक्तचाप, सुर्तीजन्य वस्तुको सेवन र खानपिनका कारण हुने मृत्युपछि चौथो नम्बरको कारणमा मोटोपनलाई देखाएको छ ।

जति शरीरको वजन बढ्यो उति मानिसको मृत्यु बढ्ने गर्छ । बीएमआई ३० भन्दामाथि भएका मोटा मानिसहरूमा ५० प्रतिशतदेखि शतप्रतिशतसम्म अकाल मृत्यु हुने खतरा हुन्छ । सामान्य बीएमआई हुनेको भन्दा बीएमआई ३० भन्दा बढी हुनेको मृत्यु अकालमा हुने खतरा धेरै नै हुन्छ । त्यसकारण मोटोपन आफैं पनि मानिसको मृत्युको कारक तत्व हो । मोटोपन अलिअलि हुँदा पनि मानिसको मृत्युको सङ्ख्या बढी देखिन्छ ।

एक अध्ययनअनुसार मानिसको तौल हुनुपर्ने आवश्यक तौलभन्दा पाँच केजीमात्र बढी हुँदा पनि ३० देखि ६४ वर्षका मानिसको मृत्यु बढी भएको पाइएको छ । उनीहरूलाई हृदयघात बढी भएको पाइएको छ । शरीरको तौल बढी अर्थात् बीएमआई २५ भन्दा बढी भएमा हुने मुटुका रोगहरूमा हृदयघात, हार्ट फेलियर, एन्जाइना, मुटुको चाल गडबडी हुने, मुटुमा भएका अन्य समस्याका कारण हुने आकस्मिक मृत्यु आदि हुने गरेको पाइएको छ । शरीरको तौल करिब पाँच केजी जति बढी हुँदा पनि शरीरको तौल ठिक्क भएकाहरूलाई भन्दा तौल बढी भएकालाई उच्च रक्तचाप र मधुमेह करिब दोब्बर हुने गरेको पाइएको छ । मधुमेह भएकाहरूमध्ये करिब ८० प्रतिशतको शरीरको तौल बढी भएको पाइन्छ । साथै, शरीरको तौल बढी भएकाहरूमा राम्रो कलेस्टेरोल कम हुने र खराब कलेस्टेरोल बढी हुने गरेको पाइएको छ ।

यसैगरी मोटोपनले ल्याउने अर्को समस्यामा क्यान्सर पनि हो । मोटा मानिसमा स्तन क्यान्सर, पाठेघरको क्यान्सर, ठूलो आन्द्राको क्यान्सर, पित्तथैलीको क्यान्सर, मिर्गौलाको क्यान्सर, प्रोस्टेट क्यान्सर बढी हुने गरेको पाइन्छ । शरीरको तौल बढी भएका महिलामा ठिक्क वजन भएकाहरूमा भन्दा स्तन क्यान्सर दुई गुणा बढी भएको पाइएको छ । मोटो व्यक्तिमा श्वासप्रश्वाससम्बन्धी समस्या बढी नै हुने गर्दछ । सुत्ने बेलामा हुने श्वासप्रश्वाससम्बन्धी समस्या वा घुर्ने समस्या पनि शरीरको तौल बढी हुनेहरूमा धेरै भएको पाइन्छ । यस्तो समस्या हुँदा सुतेको बेला छिनछिनमा श्वास रोकिने अवस्था आउँछ, जसले मुटुमा प्रत्यक्ष असर गर्छ । साथै, मोटा मानिसमा घुर्ने समस्या पनि धेरै आउँछ ।

शरीरको तौल करिब एक किलोग्राम बढ्दा नौदेखि १३ प्रतिशतसम्मलाई जोर्नी दुख्ने समस्या बढ्ने गरेको पाइएको छ । साथै तौल घट्नासाथ जोनीको दुखाइ घट्ने गरेको पाइन्छ । मोटा महिलालाई गर्भाधान भएको बेला धेरै समस्या हुन्छ । गर्भावस्थामा मोटोपन भएको कारण आमा र बच्चाको मृत्युदर बढ्छ । मोटोपनको कारणले गर्भावस्थामा हुने डायबिटिज पनि बढी हुन्छ । वजन धेरै भएका आमाहरूबाट जन्मजातात रूपमा रोग भएका बच्चाहरू धेरै जन्मिन्छन् । अन्य समस्याहरूमा पित्तथैलीको रोग, पिसाब चुहिने रोग, शल्यक्रिया गर्दा जोखिम हुने, डिप्रेशन धेरै हुने हुन्छ । बालबच्चाहरूमा मोटोपन भएमा पछि गएर मुटुरोग धेरै हुने, मधुमेह हुने, पछिसम्म पनि मोटो भइराख्ने समस्या हुन्छ ।

**कसरी बच्ने त ?**

मोटोपन मुटु रोगको एउटा मुख्य कारण हो । त्यसैले मोटोपनलाई नियन्त्रण गर्न सकियो भने मुटु रोगको जोखिमबाट बच्न सकिन्छ । साथै मधुमेह, उच्च रक्तचाप र कोलेस्ट्रोल पनि मुटु रोग निम्त्याउने भएकाले त्यसलाई नियन्त्रणमा राख्नुपर्छ । मुटुरोगको जोखिमबाट बच्न मोटोपन नियन्त्रणसँगै जीवनशैली परिवर्तन र खानपान परिवर्तन गर्नुपर्छ । दैनिक व्यायाम गर्ने, तनाव कम गर्ने गर्नुपर्छ । अल्छी जीवन, बसिरहनुपर्ने, ज्यादा खाना खानुपर्ने, गुलिया चिल्लो, नुन धेरै खाने, फलफूल, सागपात नखाने वा थोरै मात्र खाने, व्यायाम नगर्ने, रक्सी चुरोट पिउने, टेलिभिजन, कम्प्युटर मोबाइलमा धेरै समय बिताउने आदि खराब जीवनशैली हुन् । ठीक समयमा सुत्ने र ठीक समयमा उठ्ने अर्थात् सधैं एउटै समयमा सुत्ने, उठ्ने गर्नुपर्छ । तनावबाट आफूलाई बचाउनुपर्छ ।

मोटोपनबाट आफूलाई बचाउन सन्तुलित खाना (प्रोटिन, कार्बोहाइड्रेट र चिल्लोको सन्तुलन भएको) खाने गर्नुपर्छ । कार्बोहाइड्रेट घटाउने र प्रोटिन बढाउने गर्नुपर्छ । गुलियो मिठाई, केक, आइसक्रिम आदि खानु हुँदैन । दैनिक व्यायाम एवं योग गर्ने, फलफूल र सागपात प्रशस्त खाने, सकेसम्म हिँड्ने र यातायातको साधन कम प्रयोग गर्ने, सकेसम्म लिफ्टको प्रयोग नगरी भऱ्याङमा हिँड्ने गर्नुपर्छ । साँझको खाना सकेसम्म घाम अस्ताउनेबित्तिकै खानुपर्छ ।

दिनभरिमा ३-४ पल्टभन्दा बढी केही पनि खानु हुँदैन । नियमित रूपले एउटै समयमा खाना खाने, एकैपटकमा धेरै खाना नखाने, भोक धेरै लागेको बेला कम क्यालोरी दिने खानेकुराहरू जस्तै गाँजर, काँक्रो, कागतीको सर्बतलगायत फलफूल र जुस सेवन गर्दा फाइदा हुन्छ । तसर्थ, मुटुरोग निम्त्याउन सक्ने यस्ता कुराहरूमा ध्यान दिन सकियो भने मुटुरोगको जोखिमबाट बच्न सकिन्छ ।

*(प्रस्तुत विचार हालै प्रकाशित 'मान्छेको मुटु' नामक पुस्तकका लेखक वरिष्ठ मुटुरोग विशेषज्ञ डा उपाध्यायसँग गरिएको कुराकानीमा आधारित)*

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

| | |
|---|---|
| मेष | कार्यक्षेत्रमा सहयोगिहरूले साथ दिनेछन् । व्यापार व्यवसायमा लाभ रहनेछ । थप लगानीको लागि उपयुक्त समय रहेको छ । |
| वृष | धर्मकर्ममा रुचि बढ्नेछ । घरमा मांगलिक कार्यको शुभारम्भले मन प्रसन्न रहनेछ । व्यवसायलाई लिएर गरिएको यात्रा लाभदायक रहनेछ । |
| मिथुन | वैदेशिक यात्रा लाभदायक रहनेछ । परिवारमा पुरानो कुरालाई लिएर विचार नमिल्ने सम्भावना रहेको छ । मन अशान्त रहनेछ । |
| कर्कट | कार्यक्षेत्रमा मानसम्मान बढ्नेछ । सांस्कृतिक समारोहमा सहभागी भइएला । प्रतिष्ठित कार्य गरेर आफूलाई समाजमा चिनाउन सकिनेछ । |
| सिंह | कार्यक्षेत्रमा नयाँ कार्य हात लाग्नेछ । नोकरी वा पेशामा योजनानुरूप कार्य गर्नुहोस् सफलता मिल्नेछ । श्रमको उचित मूल्यांकन लिन संघर्ष गर्नुपर्ला । |
| कन्या | विद्यार्थीहरूको पठनपाठनमा मन लाग्नेछ । कार्यक्षेत्रमा उच्च पदस्थ अधिकारीहरूबाट प्रशंसा पाइएला । हात लिएको काममा आलस्य नदेखाउनुहोस् । |
| तुला | भावनामा आएर व्यापार व्यवसायमा कुनै निर्णय नलिनुहोला । कानुनी मामिलाहरूमा पक्ष मजबुत रहनेछ । पुरानो कुरालाई लिएर परिवारमा मनमुटाव हुन सक्ला । |
| वृश्चिक | कार्यक्षेत्रमा आफ्नो जिम्मेवारी सकेसम्म स्वयं वहन गर्नु होला । व्यापार व्यवसायमा अरुलाई सल्लाह दिनुभन्दा अरुको कुरा सुन्न आज उपयुक्त रहनेछ । |
| धनु | कार्यक्षेत्रमा बोलीले कार्य सिद्ध गर्न सकिनेछ । आफन्तहरूको साथमा सानोतिनो कुरालाई लिएर मनमुटाव रहन सक्छ । |
| मकर | मानसम्मानमा वृद्धि हुनेछ । अप्ठ्यारो कार्य सिद्ध हुनाले मनमा उत्साह जाग्नेछ । विद्यार्थीहरूलाई पठनपाठनमा मन लाग्नेछ । |
| कुम्भ | धर्म र अध्यात्ममा रुचि बढ्नेछ । कृषि र पशुपालनबाट लाभ आर्जन गर्न सकिनेछ । स्वास्थ्यलाई लिएर खानपानमा विशेष ध्यान दिनुहोला । |
| मीन | व्यापार व्यवसायबाट मनग्य लाभ आर्जन गर्न सकिनेछ । घरपरिवारबाट साथ र सहयोग मिल्नेछ । सञ्चित धनमा वृद्धि हुनेछ । |

# न्याय सम्पादनमा सहज बन्दै डिजिटल प्रविधि



**रञ्जिता अधिकारी/रासस**
**दाङ, १४ फागुन ।**

तुलसीपुर उपमहानगरपालिका-१८ का दुई दाजुभाइको बीचमा जग्गाको विषयमा विवाद भयो । दाजुले तुलसीपुरको न्यायिक समितिमा एसएमएसमार्फत निवेदन दिए । दुई भाइलाई एसएमएसमार्फत न्यायिक समितिले छलफलका लागि बोलायो । दुईमध्येका एक भाइले जग्गा रोक्का राखेकाले विवाद उत्पन्न भएको थियो ।

विवादित दुवै पक्षलाई बोलाई न्यायिक समितिमा छलफल गरियो । जग्गा फुकुवा गर्न दुवै जना सहमति भएपछि दुवैको जित हुने किसिमले आगामी दिनमा विवाद नगर्ने कागज गरिएको तुलसीपुर उपमहानगरपालिका कानुनी मामिला शाखा प्रमुख लक्ष्मी रानाले जानकारी दिए । उपमहानगरपालिकाले प्रविधि प्रयोग गरेर सेवा दिँदा छिटोछरितो र सहज भएको सेवाग्राहीको भनाइ छ । लसीपुर उपमहानगरपालिका-५ की एक महिलाले घरपरिवारका सदस्यले इज्जतअनुसार खान लाउन नदिएको कारण आफूसँगै बस्न नसक्ने कारण देखाई उपमहानगरपालिको न्यायिक समितिमा उजुरी दिए । न्यायिक समितिले उनी र उनको परिवारलाई बुझ्नका लागि बोलायो । पहिलो चरणको छलफलमा कुनै निष्कर्ष ननिस्किएपछि दोस्रो चरणको छलफलमा बोलाउँदा एसएमएसबाट खबर गरियो र दुवै जनाको जित हुनेगरी मुद्दा किनारा लगाइयो । पालिकामा डिजिटल प्रविधिको प्रयोग भएका कारण छिटोछरितो न्याय पाएको उनले बताए ।

उपमहानगरपालिकाले २०७८ वैशाख १० गते तथ्याङ्क ऐन जारी गरेको थियो । आव २०८१/८२ को बजेटमा प्रविधियुक्त पालिका बनाउने अभियानको तयारी पूरा गरेको तुलसीपुर उपमहानगरपालिका प्रमुख टीकाराम खड्काले जानकारी दिए । शिक्षा, पञ्जीकरण, योजना बजेटमा डिजिटल प्रणाली सुरु भएपछि गलत तथ्याङ्क दिएर सेवासुविधा लिने प्रवृत्ति पूर्ण रूपमा बन्द भएको छ ।

सूत्र प्रणाली कार्यान्वयनमा आएपछि योजना बजेटपछि थप गर्ने प्रवृत्ति बन्द भएको पालिकाले जनाएको छ । पालिकाको पूर्ण जनसाङ्ख्यिक विवरणसमेत रहेको छ । नगरबाट प्रवाह हुने सबै प्रकारका सेवालाई अनलाइन प्रविधिमा रुपान्तरण गरिन थालेको छ । एकीकृत तथ्याङ्क प्रणालीलाई व्यवस्थित गरी अभिलेख व्यवस्थापन तथा सूचना प्रवाहलाई थप प्रभावकारी बनाउँदै लगिएको छ । वडा नं ६ बाट आरम्भ गरिएको सेवा अन्य वडाहरूले पनि परीक्षण गरिरहेका छन् । उपमहानगरपालिकालाई कागजरहित बनाउने नीतिअनुरुप वडा नं ६ बाट ई-सिफारिसको काम सुरु भएको हो । अब नागरिकले आफूलाई आवश्यक परेका कुनै पनि कागजात अनलाइनमा प्रक्रिया पूरा गरेपछि मोबाइलबाटै सजिलै प्राप्त गर्न सकिने वडाध्यक्ष दुजमान भण्डारीले बताए । 'ई-सिफारिस सेवाका लागि मोवाइलको प्ले-स्टोरमा गएर 'तुलसीपुर एसएमएस एप्लिकेसन डाउनलोड' गरेर सेवा लिन सकिन्छ', उनले भने, 'सेवाग्राहीले आफूलाई आवश्यक परेका पञ्जीकरण (जन्मदर्ता, विवाह दर्ता, बसाइँसराइ, मृत्यु दर्ता) बाहेकका सबै सेवा अनलाइनबाट लिन सक्छन् ।' यो सेवाले पालिकालाई कागजरहित बनाउने अभियानलाई सहयोग पुग्ने र नागरिकको समय बचत हुने वडाध्यक्ष भण्डारीले बताए ।

उपमहानगरपालिकाका सूचना प्रविधि अधिकृत सविन केसीले ई-सिफारिस सेवा लिन सबैभन्दा पहिला मोबाइल एप्स डाउनलोड गर्नुपर्ने र डाउनलोड गरेर रजिष्ट्रेशन गरिसकेपछि चाहिएको सिफारिस लिन आवश्यक कागजात 'अपलोड' गरेर निवेदन दिन सकिने बताए । सूचना प्रविधि अधिकृत केसीका अनुसार तत्कालका लागि वडाबाट प्रदान गरिने ३४ प्रकारका सिफारिस अनलाइनबाटै प्राप्त गर्न सकिनेछ ।

आर्थिक वर्ष २०८०/८१ मा जिम्मेवारी सरी आएका ९० वटा मुद्दा थिए । यस आवमा २६ मुद्दा दर्ता भएकामा आठवटा मिलापत्र भइसकेका, १८ वटा प्रकृयामा रहेको उपमहानगरपालिका उपप्रमुख स्यानी चौधरीले जानकारी दिए । डाटा प्रणालीबाट काम गर्दा दोहोरिनेको सङ्ख्या कम भएकाले मुद्दा छिटो किनारा लागेको उनको भनाइ छ । तथ्याङ्क राख्न सजिलो भएको र न्याय सम्पादनमा डाटा प्रणालीले सकारात्मक प्रभाव पारेको उनले बताए । न्याय सम्पादन प्रभावकारी बन्दै जाँदा नागरिकको यसप्रति विश्वास पनि बढेको छ । पछिल्लो समय पीडितको उजुरी अनलाइनबाट लिने गरेकाले उजुरी गर्न वडा वा पालिकामा आउनुपर्ने झन्झट कम भएको छ । समय र खर्चको बचत हुने भएपछि नागरिक खुसी भएको उनले बताए ।

त्यसैगरी रुपन्देही जिल्लाको शुद्धोधन गाउँपालिका-४ की रामेश्री सिंहले मोबाइल एपका सहायताले वडा र पालिकाको गतिविधि थाहा पाउने गरेको बताइन । पालिकामा न्यायिक समितिले अनलाइनबाट निवेदन लिन र सूचना प्रवाह गर्न थालेपछि सजिलो भएको बताइन । पालिकाका सबै कार्यक्रमका बारेमा मोबाइल एपबाट थाहा पाउने गरेको उनले बताइन । प्रविधिमैत्री भएपछि घरमै बसेर पालिकाका सबै सेवा लिन सजिलो भएको उनको भनाइ छ । गाउँपालिकाको न्यायिक समितिले विवाद किनारा लगाउने गरेको छ । आव २०८१/८२ मा आठवटा विवाद दर्ता भएको पालिका उपाध्यक्ष शान्तादेवी ज्ञवालीले जानकारी दिइन । न्यायिक समितिमा आउने उजुरीका निवेदन अनलाइनबाट लिने गरेको उनले बताइन ।

शुद्धोदन गाउँपालिका सूचना प्रविधि अधिकृत ईश्वरी न्यौपानेका अनुसार एसिया फाउन्डेसन नेपालअन्तर्गत विकासका लागि तथ्याङ्क परियोजना, बेलायत सरकारको सहयोगमा सञ्चालित कार्यक्रमले ई-सिफारिसका लागि सहयोग गरेकाले पालिकामा काम गर्न सहज भएको छ । अब सानो निवेदन दिन पनि वडामा जानुपर्ने बाध्यता हटेको छ । पालिकामा आउँदा प्रत्येक शाखामा जानुपर्ने झन्झट थियो, अहिले सबै शाखालाई समेटेर काम गरेकाले सजिलो भएको छ । सबै शाखाको 'आइडी' बनाएर एकीकृत सूचना व्यवस्था प्रणालीबाट काम गरेको उनले बताइन ।

गाउँपालिका अध्यक्ष विष्णुप्रसाद बस्यालले डिजिटल कार्यक्रममा ई-सिफारिसलाई सुरुआत गरेको जानकारी दिए । उनका अनुसार कागजरहित अभियान चलाएर काम अगाडि बढाइएको छ । डिजिटल सेवाका लागि सबै वडामा स्वयंसेवक नियुक्ति गरेर काम अगाडि बढाएको र प्रविधिको समय भएकाले प्रविधिमैत्री पालिका बनाउन थालिएको उनले बताए । देशविदेशमा रहेका नागरिकलाई सेवा दिने उद्देश्यले काम सुरु गरेको उहाँको भनाइ छ । आइडिएमयस लागू भएपछि काम गर्न धेरै सजिलो भएको छ ।

# खगराजलाई दलको नेता बनाउन प्रचण्डले दिए पाँचौंपटक निर्देशन

**युग संवाददाता**
**धनगढी, १४ फागुन ।**

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सुदूरपश्चिम प्रदेशका सांसदहरूलाई संसदीय दलको नेता फेर्ने निर्णय कार्यान्वयन गर्न पाँचौंपटक निर्देशन दिएका छन् । खुमलटारमा बुधबार भएको बैठकमा सांसदहरूलाई पार्टीको निर्णय कार्यान्वयन गर्न अध्यक्ष प्रचण्डले निर्देशन दिएका हुन् । बैठकमा सहभागी एक सांसदले भने, 'अध्यक्ष कमरेडले विश्वासको वातावरण म बनाउँछु । तपाईंहरू निर्णय कार्यान्वयन गरेर जानुहोस् भन्नुभयो । अध्यक्षको जोड सहमतिमा छ । सहमति गरेर छिट्टै समस्या समाधान हुन्छ होला ।'

बुधबार तराई-मधेश जागरण अभियानअन्तर्गत विराटनगरमा रहेका प्रचण्ड सुदूरपश्चिम प्रदेशका सांसदहरूसँगको छलफलका लागि काठमाडौं आएका हुन् । बैठकमा दलका नेता मानबहादुर धामीले आफू पनि सहमतिका लागि तयार रहेको प्रचण्डलाई बताएको सांसद अक्कलबहादुर रावलले बताए । उनले भने, 'छलफल सकारात्मक भएको छ । अध्यक्ष कमरेडले बहुमतबाट होइन, सहमतिबाट समस्या समाधान गरौं भन्नुभयो । अब सहमतिबाट समस्या समाधान हुन्छ होला ।'



गत वर्ष १२ माघदेखि माओवादी केन्द्र सुदूरपश्चिम प्रदेश संसदीय दलको नेतामा विवाद छ । गत वर्ष माघमा बहुमत सासंदहरूले संसदीय दलका नेताबाट खगराज भट्टलाई हटाएर मानबहादुर धामीलाई बनाएका थिए । पार्टी केन्द्रले मानबहादुरलाई हटाएर खगराजलाई नै दलको नेता चयन गर्न दिएको निर्देशन कार्यान्यिवन भएको छैन ।

गत भदौमा प्रदेशको परामर्श बैठकका लागि धनगढी पुगेका बेला पनि अध्यक्ष प्रचण्डले भट्टलाई संसदीय दलको नेता बनाउन निर्देशन दिएका थिए । दुईपटक लिखित र एकपटक मौखिक निर्देशन दिएका प्रचण्डले बैठकमा फेरि मौखिक निर्देशन दिएका थिए । तर, संसदीय दलका नेता धामीले भने केन्द्रको निर्देशन सिधै कार्यान्वयन गर्न नसकिने अडान राखेपछि निर्देशन कार्यान्वयन भएन ।

असार २०८० मा प्रचण्डले सांसदहरूसँग छलफल गरेर भट्टलाई सुदूरपश्चिम प्रदेशसभाको संसदीय दलका नेतामा पुनर्स्थापित गरेर प्रदेशमा पार्टीलाई एकताबद्ध बनाउन निर्देशन दिएका थिए । त्यो निर्देशन न त पार्टी समितिले लागू गर्न सक्यो, न त संसदीय दलले टेऱ्यो । प्रचण्डको पहिलो निर्देशन यत्तिकै सकियो ।

दोस्रोपटक प्रचण्डले फेरि सबै नेताहरूलाई बालुवाटार बोलाएर दलको नेता खगराजलाई बनाउन निर्देशन दिए । त्यो पनि लागू भएन । विवाद मिलाउन खगराजलाई दलको नेताभन्दा माथिल्लो वरीयतामा राख्ने निर्णय भयो । तर, बैठकमा भट्ट सहभागी भएनन् ।

आजको खुमलटारमा भएको छलफलमा प्रदेश सांसदहरूले आ-आफ्ना कुरा राखेका सांसद अक्कलबहादुर रावलले बताए । उनले भने, 'पहिला हामीहरूले आआफ्ना कुरा राख्यौं । हाम्रो कुरा सुनिसकेपछि अध्यक्ष प्रचण्डले तपाईंहरूका समस्या समाधान गरेर जान्छौं । अहिले सहमतिमा दलको नेतामा खगराजजीलाई ल्याऊ भन्नुभयो । हामी पाँच जना अहिले पनि कन्भिन्स हुन सकेका छैनौं । मिलेमा सहमति, नमिले फेरि पक्रियामा जान सक्छ ।'

सुदूरपश्चिम प्रदेशमा माओवादी केन्द्रका ११ जना सासंद छन् । एक जना सभामुख भएकाले १० जना सांसद छलफलका लागि काठमाडौं आएका हुन् । बहुमतबाट हटाए पनि अहिले भने दुवै पक्षमा पाँच/पाँच जना सांसद छन् । दलनेता मानबहादुर धामी पक्षमा ओमविक्रम भाट, अक्कल रावल, लक्ष्मी विक र गीतादेवी माल छन् ।

भट्ट समूहमा रमेशसिंह धामी, शिवसिंह वली, जानकीदेवी कुँवर र झपटबहादुर साउद छन् । सुदूरपश्चिम प्रदेशमा जनार्दन शर्मा, वर्षमान पुन र नारायणकाजी श्रेष्ठका गरी तीन समूह सक्रिय छन् । खगराज भट्ट शर्मा समूहका हुन् । मानबहादुर धामी, अक्कलबहादुर रावल, ओमविक्रम भाट पुन समूहका हुन् । शिवसिंह वली श्रेष्ठ समूहमा छन् । भाट र धामी एक समूह चलाउँछन् । पछिल्लो समय सुदूरपश्चिममा श्रेष्ठ र शर्मा समूह एक ठाउँमा छन् । पुन समूह अर्को पक्षमा छन् ।

# एसपिए कैलाली प्रिमियरको उपाधीका लागि प्रतिस्पर्धा

**युग संवाददाता**
**कैलाली, १४ फागुन ।**

धनगढीमा जारी एसपिए कैलाली प्रिमियर लिग-३ को उपाधिका लागि कञ्चनपुरकै दुई टोली पुनर्वास 'बी' र भिमदत्त भिड्ने भएका छन् । बुधबार पहिलो सेमिफाइनलमा कैलालीको गोदावरी नगरपालिकाको टिम अनुपस्थित भएपछि वाकओभर पाएर कञ्चनपुरको पुनर्वास नगरपालिका 'बी' फाइनलमा प्रवेश गरेको हो ।

त्यस्तै दोस्रो सेमिफाइनलमा बाजुराको त्रिवेणी नगरपालिकालाई ३२ रनले पराजित गर्दै कञ्चनपुरको भिमदत्त नगरपालिका फाइनलमा प्रवेश गरेको हो । भिमदत्तले दिएको एक सय ३३ रनको लक्ष्य पछ्याउने क्रममा त्रिवेणीले १९ दशमलव एक ओभरमा अलआउट हुँदै एक सय रनमात्र बनाउन सक्यो । त्रिवेणीका लागि सुमित श्रेष्ठले सर्वाधिक २५ रन बनाए ।

विजय रानाले २१ रन बनाउँदा तुलबहादुर थापाले १९ रनको योगदान दिए । भिमदत्तका लागि अरुण ऐरीलले पाँच विकेट लिए । उनी प्लेयर अफ द म्याच चुनिए । त्यस्तै विकास आग्रीले दुई तथा साजन बिटालु र किरण चन्दले समान एक-एक विकेट लिए । त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको भिमदत्तले १९ दशमलव एक ओभरमा अलआउट हुँदै एक सय ३२ रन रनको मध्यम योगफल तयार पारेको थियो । उसका लागि ओपनर ब्याटर अविषेक थापाले ४३ रनको अविजित पारी खेले ।

कप्तान प्रकाश पाण्डेयले १६ रन बनाउँदा मिलन बोहराले १४, साजन बिटालुले १३, नितेन विष्ट र समिर विष्टले समान १२-१२ रन बनाए । त्रिवेणीका लागि दीपक टमाट्टाले तीन विकेट लिए । दिनेश महरा र सन्दीप मौरियाको नाममा दुई-दुई विकेट रह्यो ।

फाइनल खेल यही फागुन १४ गते दिउँसो १ बजेदेखि हुने आयोजकले बताएको छ । प्रतियोगिताको विजेता टोलीले रु दुई लाख, उपविजेता टोलीले रु एक लाख, सर्वोत्कृष्ट खेलाडीले रु २५ हजार, उत्कृट बलर र ब्याटरले जनही रु १५-१५ हजार, उदयमान खेलाडीले रु १० हजार र प्लदेयर अफ द म्याच हुनेले रु दुई हजार पाँच सय प्राप्त गर्ने आयोजक जिल्ला क्रिकेट सङ्घ कैलालीले जनाएको छ ।



# उपाधिबाट चुक्यो नेपाल, म्यानमारसँग स्तब्ध

**युग संवाददाता**
**काठमाण्डौं, १४ फागुन ।**

नेपाली महिला फुटबल टिम घरेलु मैदानमा उपाधि चुम्नबाट चुकेको छ । हजारौँ दर्शकका अगाडि बुधबार त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा भएको चारदेशीय महिला फुटबल च्याम्पियनसिपको उपाधि भिडन्तमा नेपाल म्यानमारसँग दुई शून्यको गोल अन्तरले पराजित भयो । म्यानमारसँग पराजित भएसँगै उपाधि भिडन्तमा हानर व्यहोर्ने नेपाली महिला फुटबलको नियतीले निरन्तरता पायो ।

खेलको पहिलो हाफमा नेपालले पाएको मौकालाई गोलमा परिणत गर्न नसक्दा हार व्यहोर्नु परेको हो । पहिलो हाफ गोलरहित बराबरी भएको थियो । दोस्रो हाफमा फिफा वरीयतामा नेपालभन्दा निकै माथि रहेको म्यानमारले दुई गोल गऱ्यो । नेपालले तीन मिनेटभित्र दुई गोख खाएको थियो । ६१ औं र ६४ औं मिनेटमा म्यानमारले गोल गरी उपाधि जितेको हो । लिग चरणमा दुई दुईको बराबरीमा रोकेको नेपाल उपाधि भिडन्तमा हार टार्न नसकेपछि उपविजेतामा सीमित भएको छ ।

# 'एमाले देश विकास गर्ने पार्टी हो'

**युग संवाददाता**
**सुर्खेत, १४ फागुन ।**

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले नेकपा एमाले देशको विकास गर्ने पार्टी भएको बताएका छन् ।

बुधबार लेकबेसी नगर कमिटीले आयोजना गरेको दुई दिने नगरस्तरीय प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै नेकपा एमालेले अवसर पाउँदा र सरकार सञ्चालन गर्दा देशको विकासले लिने गरेको मुख्यमन्त्री कँडेलले बताए । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले देशको नेतृत्व गरे पछि मात्र विकासले गति लिने गरेको मुख्यमन्त्री कँडेलको भनाई थियो ।

नेकपा एमाले जनताले विश्वास गरेको पार्टी हो त्यसकारण चुनाव जित्न अहिलेकै संख्याले पुगे पनि देश बनाउन जनतालाई बुझाउन पार्टीले अभियान चलाएको मुख्यमन्त्री कँडेलले बताए । नेकपा एमालेले विभिन्न अभियानका साथ जनतामा जाने र जनताको मन जित्ने काम गरेको मुख्यमन्त्री कँडेलले उल्लेख गरे ।

## तिलामा....

किसिमका घटना तथा घरेलु हिंसा बढेको गुनासो आउन थालेपछि उक्त निर्णय गरिएको उनको भनाइ छ । विसं २०७९ असार ३१ गते बसेको वडासभाको बैठकले मदिरा तथा जुवातासमुक्त विधेयक पारित गरेको थियो । वडाध्यक्ष शाहीले भने, 'मदिरा सेवन र बिक्री गर्नेदेखि जुवातास खेल्ने र खेलाउनेलाई सचेत लगाउनका लागि अहिले गाउँबस्तीमा सूचना जारी भइसकेको छ ।'

वडा समिति तथा सम्पूर्ण सरोकार भएका निकायका प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, शिक्षक, बुद्धिजीवी, समाजसेवी, महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्यकर्मी, बाल क्लब, युवा क्लब, आमा समूहको संयुक्त बैठकबाट उक्त निर्णाय भएको वडाध्यक्ष शाहीले बताए ।

वडालाई बालमैत्री स्थानीय शासन घोषणाका लागि आवश्यक पर्ने ५१ सूचक पूरा गरी अगामी चैतभित्र बालविवाहमुक्त वडा घोषणा गर्नेगरी वडा कार्यालयले कार्य गरिरहेको छ ।

आगामी २०८२ को असारभित्र बालमैत्री स्थानीय शासन वडा घोषणासमेत गर्ने गरी काम अघि बढाइएको वडाध्यक्ष शाहीले जानकारी दिए । पछिल्लो समय जिल्लामा प्रहरी, प्रशासन तथा स्थानीय तहले आ-आफ्ना क्षेत्र र वडामा मदिरा नियन्त्रण अभियान सञ्चालन गरिरहेका छन् । वडामा मदिरा न्यूनीकरण समिति गठन गरी अभियान सञ्चालन भइरहेका जनाइएको छ ।

## कार्यविधिले....

सरकारका जिल्लास्थित कार्यालयले पहिचान, प्रस्ताव तथा विश्लेषण गरेका आयोजना मात्रै वार्षिक नीति तथा कार्यक्रम र बजेटमा समावेश हुनेछन् । जसका लागि प्रदेश सरकारका जिल्ला स्थित कार्यालयले आगामी आर्थिक बर्षमा कार्यान्वयन गर्ने आयोजनाका लागि कार्यविधि बमोजिम आवश्यक विवरण खुलाई सम्बन्धित सबैको जानकारीका लागि बढीमा १० दिनभित्र आयोजना प्रस्तावका गर्न २० फागुनभित्र सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ । यसमा प्रदेशसभा सदस्य र स्थानीय तहले प्रस्ताव गरेका आयोजनाको हकमा जिल्ला कार्यालयलमा लिखित रुपमा जानकारी गराउनुपर्ने कार्यविधिमा व्यवस्था गरिएको छ ।

यस्तै, सरोकारवालाले सार्वजनिक हित र सरोकार रहेको विषयमा आफ्नो क्षेत्रभित्र कुनै आयोजना पहिचान गरी त्यस्तो आयोजना प्रदेश सरकारबाट कार्यान्वयन गर्न आवश्यक ठानेमा सम्बन्धित कार्यालयमा आयोजना माग प्रस्ताव पेश गर्नुपर्नेछ । प्रदेश सरकारको अधिकार क्षेत्रको विषयमा सम्बन्धित स्थानीय तहले आफ्नो क्षेत्रमा कुनै आयोजना पहिचान गरी उक्त आयोजना प्रदेश सरकारबाट कार्यान्वयन गराउन आवश्यक र उपयुक्त ठानेमा कार्यपालिकाबाट निर्णय गराइ सम्बन्धित कार्यालयमा आयोजना माग प्रस्ताव पेश गर्नुपर्ने गरी कार्यविधि निर्माण गरिएको छ ।

यस्तै, सम्बन्धित जिल्लाका प्रदेशसभा सदस्यले आफ्नो निर्वाचन क्षेत्रभित्र कुनै आयोजना सञ्चालन गर्न आवश्यक र उपयुक्त ठानेमा सोको प्रस्ताव प्रदेशको सम्बन्धित बिषयगत कार्यालयमा पेश गर्न सक्नेछ । प्रस्तावमा समावेश नभएका तर कार्यालयले आफ्नो नियमित कार्यसम्पादनको क्रममा अध्ययन विश्लेषण गरी उपयुक्त ठहरिएका सङ्गठनको मूलभूत उद्देश्य पुरा गर्न सघाउने प्रकृतिका आयोजना (स्टक प्रोजेक्ट) छनौट प्रकियामा लैजान यो कार्यविधिले बाधा पुऱ्याउने छैन ।

आयोजना प्रस्ताव गर्दा तोकिएको ढाँचामा फाराम भरी सम्बन्धित कार्यालयमा आयोजना माग प्रस्ताव पेश गर्नुपर्नेछ । जिल्ला स्थित कार्यालय नभएको निकायको हकमा भने प्रदेश सरकारको सम्बन्धित मन्त्रालयमा माग गर्न सकिने व्यवस्था कार्यविधिमा गरिएको छ । आयोजनासँग सम्बन्धित कार्यालय र मन्त्रालयबाट माग भएको आयोजनाको विवरणको आधारमा आवश्यक कागजातसहित अभिलेख राख्नु पर्नेछ ।

यस्तै, कार्यालयमा पेश हुन आएका आयोजना प्रस्तावको आवश्यकता अनुसार फिल्ड भिजिट, प्रारम्भिक परीक्षण (इनिसियल स्क्रिनिङ) बाट सम्भाव्य देखिएका आयोजना प्रस्ताव र कार्यालयको अध्ययनबाट उपयुक्त ठहरिएका आयोजनालाई कार्यालयले तोकिएको ढाँचामा विवरण तयार गरी २० चैत्रभित्र आयोजना प्रस्ताव तथा छनौट समिति समक्ष गर्नेगरी कार्यविधि निर्माण गरिएको छ ।

कार्यालयबाट प्रस्ताव भई नआएका तर प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट निर्णय भएका, प्रदेश सरकारको नीति तथा कार्यक्रमको प्राथमिकतामा परेका, प्रदेशको आवधिक योजना र प्रादेशिक तथा राष्ट्रिय नीति अनुरुपको लक्ष्य वा उद्देश्य प्राप्तिमा सघाउ पुऱ्याउने तथा दिगो विकासको राष्ट्रिय लक्ष्य प्राप्तिमा प्रत्यक्ष सहयोग पुग्ने प्रकृतिका संभाव्यता अध्ययन पुरा गरेका सार्वजनिक सरोकारका आयोजनाको विकास, विश्लेषण मूल्याङ्कन तथा छनोट विषयगत मन्त्रालयले गर्न सक्ने व्यवस्था गरिएको छ ।

## आयोजना...

प्रदेशसभा सदस्यहरु तथा विषयगता मन्त्रालयका सचिवहरुबीच बृहत छलफल पश्चात मन्त्रिपरिषद् बैठकले स्वीकृत गरिएको सरकारले जनाएको छ ।

प्रदेश सरकारले सञ्चालन गर्ने विभिन्न प्रकारका विकास निर्माणसँग सम्बन्धित आयोजनाको पहिचान, प्रस्ताव, विश्लेषण, मूल्याङ्कन, प्राथमिकीकरण गरी छनोट प्रक्रियालाई वस्तुनिष्ठ एवम् माग र आवश्यकतामा आधारित बनाई उपलब्ध स्रोत साधनको उच्चतम् उपयोग हुने गरी विनियोजन कुशलता कायम गर्न कार्यविधि निर्माण गरिएको सरकारका प्रवक्ता एंव भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री विनोदकुमार शाह बताउँछन् । कार्यविधिमार्फत आयोजना छनोट प्रक्रियामा सम्बद्ध पक्षको सहभागिता तथा जवाफदेहीता बढाउँदै आयोजनामा अनुशासन कायम गरी समग्र आयोजना छनोट प्रक्रियालाई व्यवस्थित, प्रणालीबद्ध तथा संस्थागत गर्न टेवा पुग्ने मन्त्री शाहले दावी गरे । कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५४ ले दिएको अधिकार प्रयोग गरी कार्यविधि निर्माण गरिएको उनले बताए ।

कार्यविधि अनुसार प्रदेश सरकारका वार्षिक नीति, कार्यक्रम तथा बजेटमा समावेश हुने आयोजनाहरु छनौट गर्न जिल्लास्तरीय आयोजना प्रस्ताव छनौट सिफारिस समिति गठन गरिने छ । उक्त समितिले प्रदेश सरकारका जिल्लास्थित कार्यालयमा पेश भएका आयोजनाहरुका सम्बन्धमा छलफल, अन्तरक्रिया तथा विश्लेषण गरी प्रस्तावित आयोजनाहरु बीचमा समन्वय तथा दोहोरो नपर्ने गरी उपयुक्त आयोजना प्रस्तावहरु छनौटका लागि विषयगत मन्त्रालयमा सिफारिस गर्नेछ । आयोजना प्रस्ताव तथा छनौट समितको संयोजक प्रत्यक्ष तर्फबाट निर्वाचित प्रदेशसभाका ज्येष्ठ सदस्य रहनेछन् । यस्तै उक्त समितिको सदस्यहरुमा प्रदेशसभाका अन्य सदस्य, जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुख, स्थानीय तहका प्रमुख तथा उपप्रमुखहरु सदस्य रहनेछन् । समितिको सदस्य सचिवमा सम्बन्धित कार्यालयका प्रमुख तथा निर्देशनालयका निर्देशकहरु रहने छन् ।

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान राष्ट्रिय दैनिक

# स्वास्थ्य संस्थामा जनशक्तिको अभाव

**◣युग संवाददाता**
**सुर्खेत, १४ फागुन ।**

कर्णाली प्रदेशका स्वास्थ्य संस्थाहरूमा जनशक्तिको अभाव देखिएको छ। प्रदेशको सामाजिक विकास मन्त्रालयले तयार पारेको रिपोर्ट अनुसार स्वास्थ्य सेवा ऐनमा गरिएको व्यवस्था कार्यान्वयनका लागि कर्णालीमा स्वास्थ्य जनशक्ति अपुग रहेको उल्लेख गरेको छ। अहिले प्रदेशमा स्वास्थ्यसँग सम्बन्धित स्थायी कर्मचारीको दरबन्दी जम्मा ९०९ जनाको छ। उक्त दरबन्दीमध्ये ३२७ जनामात्र स्थायी पूर्ति भएको मन्त्रालयले जनाएको छ।

स्थायी दरबन्दी खाली रहेको स्थानमा करारको माध्यमबाट पूर्ति गरिएको मन्त्रालयले प्रस्ट पारेको छ। करार तथा अस्पताल विकास समितिबाट भर्ना गर्दा पनि स्वास्थ्य संस्थाहरूले दरबन्दी अनुसार कर्मचारी पाउन सकेका छैनन्।

मन्त्रालयको तथ्याङ्क अनुसार करार र अस्पताल विकास समितिका तर्फबाट गरी ८१८ जना पूर्ति गरिएको छ तर प्रदेशको स्वास्थ्य ऐनमा व्यवस्था भए अनुरूपको जनशक्ति छैन। कर्णाली प्रदेश स्वास्थ्य सेवा ऐन, ०७८ ले कर्णाली प्रदेशमा कम्तीमा एउटा वडामा एउटा स्वास्थ्य संस्था हुनुपर्ने व्यवस्था गरेको छ। मन्त्रालयका अनुसार प्रदेशमा स्वास्थ्य सेवा प्रवाह गर्ने संस्था जम्मा ८९२ वटा छन्।

# भिरालो जमिनमा बजार बिस्तार



**◣युग संवाददाता**
**मुगु, १४ फागुन ।**

हिमाली जिल्ला मुगुको सदरमुकाम गमगढीमा बजार विस्तार तीव्र गतिमा अगाडि बढिरहेको छ। भिरालो भू-भागका कारण सीमित क्षेत्रमै खुम्चिएको गमगढी बजार पछिल्ला वर्षमा नयाँ संरचना निर्माणसहित फैलँदै गएको छ।

बजार क्षेत्र साँघुरो हुँदै जाँदा स्थानीय व्यापारी र बासिन्दाले नयाँ क्षेत्रतर्फ घर तथा पसल सार्न थालेका छन्। विशेष गरी गमगढी आसपासका कहिले बाडा, फाईम, न्युरोड, स्याउली बजार, बाघ बजार , बसपार्क लगायतका क्षेत्रहरूमा नयाँ भवन तथा व्यापारिक संरचना थपिने क्रम जारी छ।

स्थानीय व्यवसायीका अनुसार पुरानो बजार क्षेत्रमा ठाउँ अभाव भएपछि नयाँ निर्माणलाई प्राथमिकता दिइएको हो। "हामीलाई व्यापार बिस्तारका लागि थप ठाउँको आवश्यकता थियो, त्यसैले नयाँ ठाउँ खोजेर बजार विस्तार गर्दैछौं," स्थानीय सफल व्यापारी सहकारी कर्मी हरी बहादुर शाहीले बताएका छन्।

छायाँनाथारा नगरपालिका तथा सम्बन्धित निकायहरूले पनि बजार व्यवस्थापनलाई आधुनिक बनाउन आवश्यक योजना अघि बढाइरहेका छन्। तर, भौगोलिक कठिनाइ र उचित योजना अभावका कारण बजार विस्तार चुनौतीपूर्ण देखिएको स्थानीय सरोकारवाला बताउँछन्।

बजार विस्तारसँगै यातायात, विद्युत्, खानेपानी तथा सरसफाइ व्यवस्थापनमा समेत ध्यान दिनुपर्नेमा स्थानीयले जोड दिएका छन्।

# बजेट अभावले स्तरोन्नति हुन सकेन नाग्म गमगढी सडक

**◣युग संवाददाता**
**मुगु, १४ फागुन ।**

मुगुको नाग्म-गमगढी सडकको दुरवस्थाबारे प्रतिनिधि सभा तथा प्रदेश सभाका सदस्यहरू एवं मन्त्रीले समेत आवाज उठाउँदै आइरहेको तर सरकारले उनिहरूको आवाज सुनिरहेको छैन।

मुगुबाट सङ्घीय संसद् प्रतिनिधित्व गर्ने वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही, प्रदेश सभा सदस्य तथा तत्कालीन कर्णाली प्रदेशका पर्यटनमन्त्री जितबहादुर मल्लले नाग्मदेखि गमगढी लोकमार्गलाई स्तरोन्नति गर्न पटक पटक माग गर्दै आएको तर मागको सम्बोधन हुन सकेको छैन। जसका कारण सर्वसाधारणले निकै सास्ती खेप्नु परेको छ।

नाग्मदेखि गमगढीसम्म सडक स्तरोन्नति नहुँदा स्थानीय तथा रारा घुम्न आउने पर्यटकले हैरानी खेप्नु परेको छ। बेला बेलामा हुने दुर्घटनाले धेरैको ज्यान पनि गएको छ। यो सडकको स्तरोन्नतिका लागि सम्बन्धित निकायमा पहल गरिरहेको तर सडक डिभिजन कार्यालय जुम्लाले सडक स्तरोन्नतिमा चासो नदिएको मन्त्री शाहीले आरोप लगाए।



नाग्म-गमगढी सडक स्तरोन्नति गर्न कसैको ध्यान जान नसकेको मुगमकार्मारोङ गाउँपालिका-८ का रामसिं रोकायाले बताए। यस्तै जिल्ला नागरिक समाजका संयोजक रूपबहादुर मल्लले पनि नाग्म-गमगढी लोकमार्ग इन्जिनियरिङ मापदण्ड अनुसार नै काम नभएको बताए। सडक एक लेनको मात्र हुँदा यात्रा जोखिमपूर्ण बनेको उनको भनाइ छ। सडक फराकिलो बनाउन सकिने ठाउँ भए पनि त्यसतर्फ सरकारको ध्यान जान नसकेको उनले गुनासो गरे। सडकलाई कम्तीमा दुई लेनको बनाउनुपर्ने उनको माग छ।

लोकमार्गमा पक्की पुल निर्माण नहुँदा, खाल्टाखुल्टीले र साँघुरो मोड तथा एक लाइनको हुँदा दुर्घटनाको जोखिम उच्च रहेको सवारीचालक हेमराज हमालले बताए। पानी पर्दा हिलाम्मे र घाम लाग्दा धुलाम्मे हुने नाग्म-गमगढी लोकमार्गमा गाडी चलाउन निकै सास्ती हुने गरेको उनले बताए।

यता सडक डिभिजन कार्यालय जुम्लाका प्रमुख प्रदीपनारायण चौधरीका अनुसार नाग्म-गमगढी लोगमार्गलाई छिटोछरितो स्तरोन्नति गर्नलाई चालु आर्थिक वर्षमा बजेटको नभएको बताए। बजेटको व्यवस्थापन भएपछि स्तरोन्नतिको काम हुने भन्दै यस वर्ष बजेट नहुँदा केही काम गर्न नसकिएको स्वीकार गरे।

## बोटिङ...

व्यवस्था गरिएको संरक्षण अधिकृत कँडेलको भनाइ छ। 'कोहलपुर, ओभरी र अगैया क्षेत्रको तीन नाकाबाट नेचरगाइडसहित निकुञ्ज प्रवेशद्वारसम्बन्धी गतिविधि भइरहेका छन्, त्यहाँबाट प्रवेश गर्नुहुने पर्यटकले पर्यापर्यटनको आनन्द लिन सक्नुहुन्छ,' उनले भने। निकुञ्जले पर्यटकलाई आवश्यक पर्ने न्यूनतम पूर्वाधार तयार गरे पनि निजी क्षेत्रले त्यसलाई आत्मसात् गर्न नसकेको उल्लेख गर्दै उहाँले जिप सफारी गर्न पूर्वाधार तयार भएको जानकारी दिए।

'जिप सफारी गर्न पूर्वाधार तयार भए पनि व्यवसायीसँग जीप नभएकाले तत्काल सञ्चालनमा आएको छैन,' कँडेलले भने, 'निकुञ्जले पूर्वाधार बनाइसकेको अवस्थामा पर्यटन प्रवर्द्धन गर्न निजी क्षेत्र लाग्नुपर्छ।'


उनका अनुसार निकुञ्जमा जङ्गल सफारी, हात्ती सफारी, चुरे हाइकिङलगायत गतिविधि खुला गरिएको छ। पर्यटक हिँड्न दुई सय किलोमिटर वनपथ, वन्यजन्तु हेर्न मचान निर्माण भइसकेको बाँके राष्ट्रिय निकुञ्जले जनाएको छ।

नेपालगञ्जका अगुवा व्यवसायी कृष्णप्रसाद श्रेष्ठले बाँके राष्ट्रिय निकुञ्ज जिल्लाको मुख्य पर्यटकीय गन्तव्यका रूपमा रहेको भन्दै स्थापनाको डेढ दशकसम्म पनि पर्यटक बढ्न नसक्नु दुखद् भएको बताए। उनले निकुञ्जलाई प्रमुख पर्यटकीय गन्तव्यका रूपमा ब्रान्डिङ गरिनुपर्नेमा जोड दिँदै अपेक्षाकृत पर्यटक आगमनले गति लिन नसक्दा निकुञ्जबाट लाभ लिने विषयमा निजी क्षेत्र अलमलमा परेका उल्लेख गरे।

व्यवसायी कृष्णलाल चौधरीले गाभरमा मात्रै वार्षिक २५ हजार आन्तरिक तथा बाह्य पर्यटक आउने गरेका जानकारी दिँदै यहाँ आउने पर्यटकलाई निकुञ्जसम्म लैजाने गरी काम भइरहेको उल्लेख गरे। उनले जिल्लाका प्रत्येक होटल तथा होमस्टेमा निकुञ्जका बारेमा विस्तृत जानकारी दिनेगरी व्यवस्थापन हुनुपर्नेमा जोड दिँदै यस क्षेत्रको पर्यटकीय विकासका लागि निजी क्षेत्रलाई हातेमालो गर्न आग्रह गरे।


घर निर्माण कार्यको लागि सम्झनुहोस्

हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्र्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस्।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ।



प्रो. शिवराज शाही
शिवराज सप्लायर्स
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

## घुयँत्रो



लौ जा ! के सुन्न पर्या होला यस्तो ! काँ कर्नालिका मुख्यमन्त्रीले अबदेखि योजना किन्न नपाईने निर्यय गरे भन्ने सुनियो त ! भन्न त भन्नू भो मुख्यमन्त्रीज्यु ती हिजोदेखि दलका नेता र मन्त्री किन्ने कार्यकर्ता योजना किन्नाँ तालिम प्राप्त भै सक्याछन त्यसैले अबको नयाँ बाटो हिँडदानि कतै न कतैबाट तिनरको दाउ लागि हाल्छ। अब त झन स्थानिय तहमा निर्बाचित मान्छे झन त्यसै कमजोर हुन्छ अनि चोर बिरालोले दुधको कुँडे कुर्याझैँ कुरेर योजना बनाउने बेलाँ आफ्ना आसेपासेलाई योजना बाँडफाँडका बेलाँ चारैतिर राखेर आँफूले चाहेजति मनग्गे योजना लगेर झन बित्याँस पार्लान भन्ने डरपनि त्यत्तिकै छ है मुख्य मन्त्री ज्यु। यदि साँच्चिकै यो नीतिले हिजोसम्म नेता गुहारेर गाउँमा योजना किनेर उपभोक्ता समिति बनाउँदै रकम झ्वाम पार्दै आ का क्रान्तिकारी साथीहरु त बिलख बन्दाँ पर्ने भए त ? अब योजना स्थानीय तहमा छानेर सम्बन्धित कार्यालयमा पठाएर त्यो कार्यालयले प्रदेश सरकाराँ पठाउने निर्यले योजनाका दलालहरुलाई थोरै संकट त होला तर अब कर्मचारीले योजना बेचेर पैशा कमाउन सक्छन त्यो कुराँ भने सँधै सतर्क हुनु पर्दछ। उपभोक्ताका नाममा योजनामा दलालि गरेर पैशा कमाउन बन्द गराउने हो भने कि त १० लाख भन्दा तलका योजनानै बनाउनु हुँदैन कि उपभोक्तालाई काम गर्नै दिनु हुँदैन तब मात्रै चोर ढोका' ट छिर्ने योजना रोकिन्छन अन्यथा नीति ल्याउनेको नियत सफा भएर के गर्ने काम गर्नेको नियत सफा छैन भने। कर्नालिमा योजना बनाउने र पार्ने भन्दानि परि रहेका योजनाका ठेक्का लिने ठेक्दारले काम नगर्दिए र विकास निर्माणका काम सबै अलपत्रछन त्यसैले कर्नालीका योजना संघिय हुन कि प्रादेशिक या जिल्ला, नगर र गाउँ तहका,ती योजना समयमा काम नसक्ने ठेकेदारको तत्काल ठेक्का तोडि भविष्यमा उसले कर्नालि प्रदेशका कुनैपनि काम गर्न नपाउने ब्यवस्था गर्न पाएदेखि समयमा काम हुन्थेकि ? अन्यथा यहाँका काम त अलपत्र हुने स्थितिपो देखियो त ! त्यसैले मुख्यमन्त्रीज्यु ठेक्दारलाई काम गर्न बाध्य , पार्ने र काम गरेछि कार्यालयलेनि भुक्तानी दिने बाध्यकारी ब्यबस्थाको कानुन ल्याउनु पर्ने भो अन्यथा असल योजना र असल नीतिले मात्रै केई हुने देखिएन। जयहोस !

विज्ञापन दर/रेट सम्बन्धी सूचना

युगआह्वान राष्ट्रिय दैनिकमा आ.व. २०८१/०८२ मा प्रकाशन हुने विज्ञापनको दर/रेट २०८१ साउन १ तदनुसार 16 July 2024 देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

विज्ञापन दर/रेट

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| प्रथम पृष्ठ | रु. २०००/- | रु. १८००/- |
| भित्री पृष्ठ | रु. १५००/- | रु. १२००/- |
| अन्तिम पृष्ठ | रु. १७००/- | रु. १५००/- |

वर्गीकृत

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रु. ३५००/- | रु. १५००/- |
| वर्गीकृत डिस्प्ले (प्रति शब्द) | | रु. ७०/- |

ज्याकेट १ पेज रु. ८,00,000/-

नोटः उल्लेखित दर/रेट मू.अ.कर बाहेक

युगआह्वान
www.yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...
फोन नं.: ९८५८०५२८१०/९८५८०५५६२७/९८५८०५५६२८
इमेलः yugaawhandainik@gmail.com, yugaawhan@gmail.com

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरु
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यवस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मोः नं ९८४८०७६८५६ (डी.बी. राना)

सामेल एग्रिकल्चर प्रा.लि.
वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत

हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।



budhakarna287@gmail.com
थप जानकारीका लागि :
९८५८०७१९०२

युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादकः दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादकः ओम बहादुर शाही, प्रधान कार्यालयः वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेटः कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालयः सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली फोनः ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रणः भवानी छापाखाना, सुर्खेत ।